# बारुदी सुरुङ प्रतिवन्ध सन्धी र नेपालको स्थिति बारेका एक चर्चा

४ अप्रिल २०१९

पूर्णशोभा चित्रकार

आज ४ अप्रिल बारुदी सुरुङ सचेतना तथा माइन एक्सनमा सहायता सम्वन्धी विश्व दिवस हो । आजको दिन संसारभर यो दिवसलाई विभिन्न रुपले मनाईरहेका हुन्छन् । सन् २००५ को ८ डिसेम्बरमा संयुक्त राष्ट्र संघको साधारण सभाबाट यो दिवसलाई मनाउने निर्णय भई सन् २००६ देखि यो दिवस मनाउन थालिएको हो । यो दिवस खासगरि माइन सम्वन्धमा सचेतना जगाउने, बारुदी सुरुङको खतरालाई न्यूनिकरण गर्ने प्रतिबद्धता जनाउने, माइन एक्सनमा राज्यको क्षमता बढाउने, माईन प्रभावित क्षेत्रहरु सफा गर्ने, पीडितहरुको सामाजिक र आर्थिक पुनएकीकरणको लागि राज्यको क्षमता बढाउने, मानवीय सहायता दिलाउने, जनताको शुरक्षाको प्रत्याभूति दिने, बारुदी सुरुङको समस्याबाट शरणार्थी बनेकाहरुले स्वैक्षिक रुपले घर फर्कनको लागि आव्हान गर्ने, अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गर्ने प्रतिवद्धतालाई जनाउने रुपमा बिश्वका नागरिक समाज तथा सरकारले मनाउने गर्दछन् । यो बर्ष संयुक्त राष्ट्र संघको नारा 'शुरक्षित भूमि, शुरक्षित घर' रहेकोछ ।




यो दिवसलाई नेपाल सरकार र नागरिक समाज मिलेर धेरै पटक मनाएकाछन् । नेपालको लागि यो दिवस किन महत्वपूर्ण तथा सान्दर्भिक छ भन्ने कुरा नेपालका व्दन्दको बेलाका केहि पीडितहरुको कथाहरुबाट पनि दर्शाउँछ ।

तुल्सी दर्जि ८ बर्षकि हुँदा गोरुसिङ्गे ब्यारेकको वरिपरि राखेको बारुदी सुरुङमाथि टेकिन् र उनले बायाँ खुट्टा गुमाइन् । हाल उनी २० बर्षकि भईन् । उनले हरेक ६ महिना देखि २ बर्षभित्र कृतिम खुट्टा बदल्नु पर्दछ । कृतिम खुट्टाको लागि उनले पोखरा या काठमाडौं धाईरहनु पर्दछ । यसको लागि उनले खर्च तथा विभिन्न झण्झटहरु बेहोर्नु परिरहेकोछ । उनले खुट्टा गुमाए वापत उनी दैनिकी रुपमा शारीरिक र जटिल सामाजिक चुनौतीहरु समेत भोग्न बाध्यछन् ।

रामेछापको सीता कार्की लगायत आधा दर्जन जति महिलाहरु मन्थलीको व्यारेकको वरिपरि घाँस काट्न जाँदा बारुदी सुरुङमा टेक्न पुगे । केहि मरे र केहि घाईते भए ।

लमजुङकि सुनिता घले शान्ति सम्झौता पछि रिपिटर टावर वरपर रहेको बारुदी सुरुङमा टेक्न पुगिन् र दायाँ खुट्टा गुमाइन् । राहतको लागि उनले जिल्ला प्रशासन कार्यालय, विभिन्न मन्त्रालयहरु, मानव अधिकार आयोग लगायत कैयौं ठाउँ धाए । तर उनले राहत पाउन सकेनन् । राहतको लागि कहिले निवेदन नमिल्ने, कहिले सरकारी निकायहरुबाट निवेदन हराउने, कहिले निवेदन कम्प्युटरमा चढाउन कर्मचारीहरुको समय नहुने, सरकारी अड्डाहरुले कहिले कुन कागज माग्ने, कहिले कुनको हैरानी, कहिले नीतिले नमिल्ने आदि आदि बहानामा उनले राहत पाउन सकेनन् । उनले मन्त्रालयहरुको तीन चार तल्लाको भर्याङ चढ्दा कृतिम खुट्टाबाट घस्रिएको घाउबाट बेकारमा थप रगत खेर मात्र फाल्नु पर्यो ।

बारुदी सुरुङ र बिष्फोटक पदार्थका कथाहरु बोक्ने पीडितहरु नेपालमा करीब पाँच हजारको हाराहारीमा रहेकोछ । उनीहरुमध्ये अधिकांश अज्ञान र युद्धसंग कुनै सरोकार नभएका नागरिकहरु रहेकाछन् । बारुदी

सुरुङ एकपटक जमिनमा राखे पछि यसले कसैको विच भिन्नता छुट्याउँदैन् । यसले प्रयोगकर्तालाई समेत बाँकी राख्दैन ।

बारुदी सुरुङ अविभेदकारी हतियार भएकै कारणले संसारमा युद्ध समाप्त भएको कैयौं बर्षसम्म अवोध नागरिकहरु यसको शिकार बनीरहे । यो हतियार विरुद्धको अभियान शुरु हुनु भन्दा पहिले विश्वमा यो हतियारबाट बर्षेनी २० हजारको संख्यामा यसबाट शिकार हुने गर्दथ्यो । विश्वका नागरिक समाजको सक्रियतामा सन् १९९२ मा अन्तराष्ट्रिय अभियान बने पछि विभिन्न राष्ट्रहरुले त्यो अभियानमा ऐक्यवद्धता जनाए र मिलेर काम गर्न थाले । जसको फलस्वरुप सन् १९९६ मा ओटामा सन्धी बन्यो र सन् १९९७ मा सवै राष्ट्रहरुलाई  हस्ताक्षरको लागि खुला गरियो । हालसम्म यो सन्धीको पक्ष राष्ट्रहरु १६४ रहेकाछन् ।



सन्धीको पक्ष राष्ट्र बनेपछि सरकारले पुरा गर्नु पर्ने विभिन्न दायित्वहरु र अधिकारहरुको व्यवस्था सन्धीले गरेकोछ । जस्तोः क) भण्डारनमा भएका बारुदी सुरुङको नष्ट महासन्धीमा प्रवेश गरेको चार बर्ष भित्र गर्नु पर्नेछ । यस सन्धीको धारा ३ अनुसार बारुदी सुरुङको अनुसन्धान, तालिम, यसको नष्ट गर्नको लागि न्यून संख्यामा संचयको अनुमति दिएकोछ । ख) राज्यपक्षले माइन प्रभावित क्षेत्र सन्धीमा प्रवेश गरेको १० बर्ष भन्दा ढिलो नहुने गरी सफा गर्नु पर्दछ । समय, साधन, श्रोत पुगेन भने राज्यपक्षले बैठकमा समय सीमा बढाउन र आवश्यक सहयोगको लागि अनुरोध गर्न सक्दछ । ग) प्रभावित क्षेत्रको सफायापूर्व सर्वसाधारणहरुको सुरक्षार्थ त्यस क्षेत्रमा रेखाङ्कन र सङ्केत चिन्हहरु राख्नु पर्दछ । घ) राज्यपक्षले बारुदी सुरुङबाट शिकार भएकाहरुको हेरचाह तथा पुनर्वास तथा सामाजिक, आर्थिक पुनः एकिकरणको लागि तथा बारुदी सुरुङ सचेतना कार्यक्रको लागि सहायता दिनु पर्दछ । सन्धीमा यसको प्रावधानहरु कार्यान्वयन गर्ने सम्वन्धमा वा उत्तरदायित्वहरु लागू गर्न, राज्यपक्षहरुको सहजिकरण गर्न, एक अर्कासंग परामर्श र सहयोग गर्न व्यवस्था मिलाएकोछ । यस सन्धी अनुसार राज्यपक्षले आफ्नो दायित्व निर्वाह गर्न अर्को राज्यपक्षसंग सहायता खोज्ने र सहयोग प्राप्त गर्ने अधिकार राख्दछ ।

बारुदी सुरुंग अविभेदकारी हतियार हो भन्ने कुरा नेपाल भरिका पीडितहरुको पीडादायक कथा नै ठूलो प्रमाण हो । पीडितहरु शहर देखि गाउँसम्मका कुना काप्चामा विभिन्न भागहरुमा दुःख कष्ट भ्रेल्दै जीवन विताईरहेकाछन् । संसारभर मै यस्तो जीवन विताउनेको संख्या उल्लेख्य रहेकोछ । नेपाली र नेपाली जस्तै संसार भरिको जनताको सुरक्षाको लागि नेपाल सरकारको तर्फबाट सहयोग गर्न आवश्यकछ ।

व्दन्दको कारणले नेपालमा संकटको बेला यो सन्धीले धेरै महत्वपूर्ण काम गर्‍यो । बारुदी सुरुङको खतराको बारेमा सचेतना र उनीहरुको जीवन जोगाउन, माईन प्रभावित क्षेत्रको रेखांकन, सुचना पाटी राख्ने, माईन सफा गर्न र पीडितलाई सहायता गर्ने काममा राज्यपक्ष राष्ट्रहरु र विभिन्न संघ संस्थाहरुले नेपाललाई निकै नै सहयोग गरे । नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र हो । यसको माध्यमबाट नेपालले शान्ति सम्भ्रौता पछि शान्ति सम्भ्रौतामा उल्लेख भए अनुरुप द्वन्दग्रष्ट क्षेत्रहरुमा बारुदी सुरुंग र विष्फोटक पदार्थहरु नष्ट गर्ने



र सुरक्षित भूमि जनतामा पुनः हस्तान्तरण गर्ने काममा सहायता प्राप्त गर्न सके । सन् २००६ को शान्ति सम्झौतालाई मार्गदर्शक मानेर सन् २००८ सम्ममा संयुक्त राष्ट्रसंघ माइन एक्सन टीमको सहायतामा नेपालले सातवटा क्यान्टोनमेन्ट साइटका ५२,६१७ विष्फोटक पदार्थहरु नष्ट गरेको थियो । सन् २०११ जून १४ सम्ममा ५३ वटा क्षेत्रमा रहेका १०९४१ बारुदी सुरुंग नष्ट गरी नेपाललाई “बारुदी सुरुंग मुक्त नेपाल”को घोषणा गरेको थियो । नेपालले २ लाख २५ हजार २१७.४६ वर्ग मिटर जमिन सफा गरी जनतालाई पुनः प्रयोगको लागि हस्तान्तरण गरेको थियो । विगतको यो अनुभवले के सिकाएकोछ भने व्दन्दरत पक्षहरु विच पारस्परिक विश्वासलाई बलियो बनाउन बारुदी सुरुंग, विष्फोटक पदार्थ र विष्फोटक प्रभावित क्षेत्रहरु नष्ट गर्ने कामले ठूलो भुमिका खेलेको थियो । नेपाल सरकारले पीडित सहायता तथा जोखिम शिक्षा संचालनको लागि पनि पीस स्ट्रष्ट फन्डको माध्यमबाट विश्व बैक लगायत विभिन्न दाता राष्ट्रहरुबाट सहयोग पाएको थियो ।



खोला तर्‍यो, लौरो बिर्स्यो भने जस्तै नेपालले विश्वसामु गरेका बाचाहरुलाई भुलेकोछ । १६४ वटा राष्ट्रहरु राज्यपक्ष भई सक्दा पनि नेपालले सन्धीमा प्रवेश गरेकोछैन । शुरुआती दिनमा नेपालले बारुदी सुरुङ सुरुंग प्रयोग गरेको छैन, किन सन्धीमा प्रवेश गर्ने ? प्रयोग गरे पछि प्रयोग गरिरहेको बेला सन्धीमा कसरी प्रवेश गर्ने ? शान्ति सम्झौता पछि नेपाल बारुदी सुरुङ प्रभावित मुलुक हो कसरी सन्धीमा प्रवेश गर्ने भन्ने ? अहिले त नेपालमा बारुदी सुरुङको समस्या नै छैन भने सन्धीमा प्रवेश गर्नु आवश्यक छ र ? भन्ने सवाल गरी गरी नेपाल सन्धीको पक्ष राष्ट्र बन्न पन्छिंदै आईरहेकोछ ।

नेपालले आफ्नो बाठोपन देखाए पनि नेपालको उतार चढाव विचारहरुको बारेमा वा नेपालको अडानको बारेमा राज्यपक्षहरुको बैठकमा या आवधिक बैठकहरु विच वा अन्तराष्ट्रिय सहायता यूनिटको बैठकहरु व संयुक्त राष्ट्र संघ लगायतका वैठकहरुमा छलफल हुने गर्दछ । नेपालले बोलेका र पेश गरेका लिखतहरु अन्तराष्ट्रिय फायलहरुमा शुरक्षित राखिएकोछ भन्ने नेपाल सरकारले बुझ्नु आवश्यकछ ।

शान्ति सम्झौता अनुसार द्वन्दग्रस्त क्षेत्रहरुमा बारुदी सुरुंग नष्ट गर्ने कार्य पछि नेपालमा अव बारुदी सुरुंग तालिम प्रयोजनको लागि निकै न्यून संख्यामा मात्र बाकी रहेको जनाईएकोछ । नेपालले बारुदी सुरुंग उत्पादन गर्ने क्षमता राख्दैन, सन्धीको कारण बारुदी सुरुंग अन्य देशबाट आयात गर्ने अवस्था रहेकोछैन । सन्धीमा प्रवेश गर्दा व्यक्ति विरुद्ध लक्षित बारुदी सुरुङ बाहेक कमाण्डबाट चल्ने, ट्यांकहरु लक्षित ठूला माइनहरु र अन्य विकास निर्माणको लागि प्रयोग हुने अन्य विष्फोटक पदार्थहरु प्रयोग गर्नमा कुनै प्रतिवन्ध रहेको छैन । सन्धीमा प्रवेश गर्दा भबिष्यमा जनता विरुद्ध प्रयोग हुने विष्फोटक पदार्थहरुको खतराबाट जोगाउन कानून बनाउन सहयोग गर्न सक्दछ । यसले नेपालको नाम जनताको सुरक्षा र मानवीयताको विकासको लागि बारुदी सुरुंग मुक्त विश्व वनाउने देशहरुको सूचिमा रहन सक्दछ र भविष्यमा प्राविधिक र आर्थिक क्षेत्रमा अन्तराष्ट्रिय सहयोगमा पहुँच बढाउन सक्छ ।

FINISH THE JOB 2025